# मिति २०८३ असोज ०७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति, कैलालीको बैठकको निर्णयहरु

निर्णयहरु:-

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार काठमाडौंको प.सं.०८३/८४, च.नं.७१४, मिति २०८३/०६/०५ गतेको कमाण्ड पोष्टको निर्णय कार्यान्वयन सम्वन्धि विषयको प्राप्त पत्र समितिको बैठकमा पेश भयो । नेपाल मौसम विज्ञान विभागद्धारा मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी विशेष मौसमी बुलेटिन अनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आईतबारसम्म देशका अधिकांश स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको उल्लेख भएको हुँदा उक्त संभावित भारी वर्षाका कारण जिल्लाभित्र हुनसक्ने बाढी, पहिरो, गेग्रान बहाव आउने तथा बस्ति क्षेत्रहरु डुबानको जोखिममा हुने भएकाले आवश्यक पूर्वतयारी र सतर्कता अपनाउन सबै स्थानीय तह, सुरक्षा निकायहरु तथा सबै सरोकारवाला निकायहरुले सुचना आदान-प्रदान सहित समन्वयात्मक रुपमा परिचालित हुने र निम्नानुसारका कार्यहरु गर्ने :-

१. संभावित भारी वर्षाका कारण हुनसक्ने जोखिममा सुरक्षा सतर्कता अपनाउन नेपाल मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी लिइरहनु हुन सम्बन्धित सबै स्थानीय तह, सुरक्षा निकायहरु र आम जिल्ला बासीहरुमा अनुरोध गर्ने ।

२. कर्णाली नदीको वेनीघाट जलस्तर मापन केन्द्र, मोहना नदी जलस्तर मापन केन्द्र लगायतका जिल्लाका प्रमुख नदिनालाहरुको जल सतह सम्वन्धि सूचनाका सम्वन्धमा Update रही खतराको पूर्वानुमान गरी नदी किनार र जोखिमपूर्ण स्थानका वस्तीहरुमा सजगता, सतर्कता र सुरक्षित स्थानान्तरणको लागि सूचना प्रवाह गरी सुरक्षा निकाय, स्थानीय तह एवं सञ्चार माध्यामहरुले प्रभावकारी भूमिका निर्वाह गर्ने ।

३. सडक डिभिजन, हेभी इक्विपमेन्ट, स्थानीय तह र ट्राफिक प्रहरी कार्यालयहरुले बाढी, पहिरोबाट सडक अवरुद्ध हुनसक्ने अवस्थालाई मध्यनजर गरी डोजर, एक्जाभेटर, लोडर लगायतका साधनहरु तयारी अवस्थामा राख्ने र सोको सूचना आदान-प्रदान गरी तत्काल समन्वयात्मक रुपमा प्रयोग गर्ने ।

४. सुरक्षा निकायहरुले बाढी, पहिरो, डुबानसँग सम्वन्धित उद्धारका साधनहरु जस्तै: रबर बोट, मोटर बोट आदी लगायतका सामग्रीहरु तयारी अवस्थामा राख्ने ।

५. भारी वर्षातका कारण हुनसक्ने क्षतिको पूर्वानुमान गरी राहत, उद्धार लगायतका कार्यहरुका लागि विपद्सँग सम्वन्धित सम्पूर्ण सरकारी, गैह्रसरकारी निकायहरुले मनसुन प्रतिकार्य योजना, २०८३ अनुसार तोकिए बमोजिमको भुमिका प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

६. टीकापुर नगरपालिका वडा नं.५ लगायतका स्थानमा कर्णाली नदीबाट कटान भैरहेको हुदाँ टीकापुर नगरपालिका कार्यालय र सुरक्षा निकायहरुबाट समन्वयात्मक रुपमा कटानको अस्थायी रोकथाम गर्ने व्यवस्था मिलाउने । साथै विभिन्न स्थानीय तहका जोखिमयुक्त क्षेत्रहरूमा जैविक तटबन्दका लागि सम्वन्धित स्थानीय तह र सुरक्षा निकायहरुले आवश्यक समन्वय गर्ने ।

७. नेपाली सेना, नं.७ युद्धकवच गुल्म बोराडांडी व्यारेक, कैलालीको प.सं.१५८४३।प्रबन्ध। ०९।०८३।८४।०६, मिति २०८३/०५/३० गतेको पत्रका सम्बन्धमा जिल्ला कैलाली, धनगढी उप-महानगरपालिका वडा नं. ०४ मा अवस्थित नेपाली सेनाको नाममा लालपुर्जा नभएको उक्त बोराडांडी व्यारेकको कित्ता नं. ३६८ मा पर्ने १७ विघा १४ कट्ठा ९ धुर (१२००४३ वर्ग मि.) क्षेत्रफल भएको जग्गा बिगत लामो समयदेखि नेपाली सेनाले व्यारेक प्रयोजनको लागि उपभोग गर्दै आईरहेको जग्गा विपद् व्यवस्थापनको सन्दर्भमा हाललाई आवश्यक नहुने भनी सम्बन्धित निकायमा सिफारिस गर्ने ।

८. विपद् व्यवस्थापन, स्थानीय तहको विपद् व्यवस्थापन योजना निर्माण, विपद्को समय तथा विपद्संग सम्वन्धित कार्यहरुमा सरोकारवालाहरुसँग समन्वय तथा सूचना व्यवस्थापनमा जिल्लाको सबै स्थानीय तहवाट लागत साझेदारी गरी स्थानीय तहहरुमा विपद सम्वन्धि योजना निर्माण सहजकर्ता, जिल्ला विपद् समन्वय एंव सूचना संचारकर्ताको रुपमा र जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र DEOC का पूर्ववत जिम्मेवारी समेत सम्पादन गर्ने गरी अर्को व्यवस्था नहुदाँसम्म सूचना व्यवस्थापन अधिकृतलाई निरन्तरता दिनेगरी सबै स्थानीय तहवाट लागत साझेदारी रहनेगरी हाललाई यस जिल्ला स्थित सबै स्थानीय तहवाट नेपाल रेडक्रस सोसाईटी कैलालीलाई प्रति स्थानीय तह रु.१०००००/- (एक लाख) का दरले रकम उपलब्ध गराउने र मिति २०८२।०६।२७ मा यसै निर्णयसँग सम्बन्धित निर्णय कार्यान्वयन नगरेका स्थानीयहरुले उक्त निर्णय कार्यान्वयन गर्ने।

९. यही भाद्र १० गते रसुवा भोटेकोशी नदीमा आएको विनासकारी बाढीबाट यस जिल्ला स्थित वेपत्ता एवं मृतकका पिडीत परिवारजनहरुलाई आवश्यक पर्ने राहत सामग्रीहरु स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा रेडक्रस लगायत सहयोगी संस्था एवं व्यक्तिहरुबाट वितरण गर्ने ।